प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः ०७९।८०
चलानी नं:

मितिः २०८०।०१।१२

**विषय – प्रयोगात्मक उत्पादनका आधारमा प्रोत्साहन अनुदानका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना ।**

यस मन्त्रालयको आ.व. २०७९।०८० का लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कोशी प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) र प्राविधिक धारका कक्षा ९-१२ तर्फ वाली विज्ञान र पशु विज्ञान कार्यक्रम सञ्चालन भई हाल पढ्दै कमाउदै कार्यक्रम सञ्चालनमा नरहेका विद्यालयहरुका लागि प्रयोगात्मक उत्पादनका आधारमा प्रोत्साहन अनुदान प्रति विद्यालय रु. एक लाख उपलब्ध गराउने कार्यक्रम रहेकोले सो विषय अध्यापन हुने विद्यालयहरुले संलग्न ढाँचा अनुसारको प्रस्ताव तयार गरी २०८० बैशाख २५ गते भित्र यस मन्त्रालयमा वा मन्त्रालयको Email: mosdprov1@gmail.com मा प्रस्ताव पत्र पेश गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>प्रस्तावनाको ढाँचा</u>**

प्रस्ताव पेश गर्ने सामुदायिक विद्यालयको

नाम: ठेगाना: फोन नं.:
प्रधानाध्यापकको नाम थर: मोवाइल नं:
इमेल ठेगाना: कार्यक्रम सुरु भएको मिति :

१ विद्यालयको छोटो परिचय
२ अध्ययनरत विद्यार्थी विवरण (प्राविधिकधार तर्फ कक्षागत/कार्यक्रमगत)
३ सञ्चालनमा रहेका प्राविधिकधार तर्फका कार्यक्रमहरु:
४ पढ्दै कमाउदै कार्यक्रम सञ्चालनमा रहे/नरहेको:
५ कार्यरत शिक्षक विवरण: प्रशिक्षक/कर्मचारी ( स्थायी/अस्थायी/करार /अन्य, प्राविधिकधार तर्फको)
६ भौतिक विवरण (जग्गाको क्षेत्रफल, भवन, कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलमैदान, ICT Lab)
७ प्रयोगात्मक कार्यवाट गरिएका उत्पादन (विगतमा उत्पादन भए/नभएको, भएको भए उल्लेख गर्ने)
८ गत शैक्षिक सत्रको उत्पादित वस्तु र परिमाण साथै आर्थिक उपार्जन ( कति आम्दानि भयो):
९ अनुदानबाट सम्पन्न गर्न खोजिएको प्रस्तावित कार्यक्रम:
१० प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समयावधी
११ सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकायवाट अघिल्ला आ.व.मा प्राप्त अनुदान विवरण:
१२ विगत ३ वर्षको नतिजा (प्राविधिक धार तर्फका कार्यक्रमहरुको छुट्टाछुट्टै)

**<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१. विद्यालयको प्रस्ताव पत्र
२ विद्यालय ब्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपि
३ सञ्चालित कार्यक्रमहरुको अनुमति पत्रको प्रतिलिपि
४ स्थानीय तहको सिफारिस पत्र
५ सामाजिक परीक्षण प्रतिवेदन